


**अध्यक्ष हेन्री बि.आइरिङ्गद्वारा**
प्रथम अध्यक्षतामा पहिलो सल्लाहकार

# सच्चा चेलाहरु बन्न

प्रत्येक प्रभुभोज सभामा, हामीले स्वर्गीय पितालाई यो प्रतिज्ञा गर्ने अवसर पाउँछौं कि हामीले मुक्तिदातालाई सम्झनेछौं र उहाँका आज्ञाहरू पालना गर्नेछौं ता कि हामीसँग उहाँको आत्मा प्राप्त होस् (मोरोनी ४:३; ५:२; सि.र क.२०:७७,७९ हेर्नुहोस्) । जब हामीले उहाँको नाम आफुमा लिन्छौं उहाँलाई सम्झने कुरा हामीलाई सधैं प्राकृतिक रूपमा आउनेछ । हामीले त्यसो धेरै तरिकाले गर्छौं तर विशेष गरि जब हामीले अरूलाई उहाँका नाममा सोवा गर्छौं, उहाँका पवित्र शब्दहरू पढ्छौं र अहाँले हामी के गरेको चाहनुहुन्छ भन्ने जान्न प्रार्थना गर्छौं ।

मलाई यो भयो जब मैले एक यूवकका लागि बप्तिस्मा गरेको थिएँ । मलाई थाहा थियो कि मलाई मुक्तिदाताका नियुक्ति गरिएका सेवकहरुद्वारा उहाँको सुसमाचार सिकाउन र उहाँको र उहाँको सत्य चर्चको गवाही दिन सुसमाचारप्रचारकको रूपमा बोलावट भएको हो । मेरो सुसमाचारप्रचारक साथी र मैले ती यूवकलाई प्रतिज्ञा गरेका थियौं कि उहाँ येशू ख्रिष्टको प्रायश्चित्तको शक्तिद्वारा सफा गरिनुहुनेछ जब उहाँले मुक्तिदातामा आस्था राखी पश्चत्ताप गर्नुहुन्छ र उहाँका आधिकारिक सेवकहरु मध्ये एकद्वारा बप्तिस्मा लिनुहुन्छ ।

जब मैले यी यूवकलाई बप्तिस्मा गर्ने फन्टको पानीबाट बाहिर निकालें, उसले मेरो कानमा भन्यो, "म सफा भएँ, म सफा भएँ" । त्यो समय, मलाई यूहन्नाद्वारा यर्दन नदीमा गरिएको मुक्तिदाताको बप्तिस्माको याद आयो । त्यो भन्दा पनि, मलाई याद आयो कि मैले पुनरुत्थान हुनुभएका र जिवित मुक्तिदाताका मुक्ति दिने कार्यहरु गरिरहेको थिएँ - यूहन्नाले जस्तै पवित्र आत्माको उपस्थितीमा ।

मेरो लागि र हामी प्रत्येकको लागि मुक्तिदातालाई सम्झनु भनेको उहाँसँगको अनुभवहरु र हाम्रो ज्ञानको स्मरणमा निर्भर हुनु भन्दा बढी हुन सक्छ । हामीले प्रत्येक दिन छनौटहरु गर्न सक्छौं जस्ले हामीलाई बर्तमानमा उहाँको नजिक ल्याउन सक्छ ।

सबै भन्दा साधारण छनौट भनेको धर्मशास्त्रहरु पढ्ने हुन सक्छ । त्यसो गर्दा हामीले उहाँको नजिक भएको महसुस् गर्नेछौं । मेरो लागि प्राय उहाँसँगको नजिकपना तब आउँछ जब मैले मोर्मोनको पुस्तक पढ्छु । २ नफीका अध्यायहरु पढ्दाको पहिला मिनेटहरुमा मैले मेरो मनमा नफी र लहीले मुक्तिदातालाई व्यक्तिगत रूपमा चिनेको जस्तै गरि उहाँको व्याख्या गरेको आवाजहरु सुन्छु । एउटा नजिकपनाको आभास आउँछ ।

तपाईंका लागि धर्मशास्त्रका अन्य ठाउँहरुले तपाईंलाई उहाँको नजिक लैजान सक्छ । तर मुक्तिदातालाई सम्झनको लागि विनम्र र सच्चा उदेश्यले जहाँ र जहिले तपाईंले परमेश्वरका शब्दहरु पढ्नुहुन्छ, तपाईले आफ्नो दैनिक जिवनमा उहाँको नाम आफुमा लिने तपाईको इच्छालाई बढाउनुहुनेछ ।

त्यो इच्छाले तपाईले परमप्रभुको चर्चलाई सेवा गर्ने तरिकालाई परिवर्तन गरिदिन्छ । तपाईंले सानो रूपमा देखेको बोलावटलाई पनि विस्तृतीकरण गर्न सहयोग गर्न स्वर्गीय पितालाई प्रार्थना गर्नुहुनेछ । तपाईले माग्ने सहयोग भनेको आफैलाई बिर्सने र तपाईंले सेवा गर्न बोलावट भएकाहरुलाई मुक्तिदाताले के चाहनुहुन्छ भन्ने बारेमा केन्द्रित हुने क्षमताका लागि हुनेछ ।

मैले हाम्रा बच्चाहरुको सेवामा उहाँको हात र नजिकपनालाई महसुस गरेकोछुँ जब मैले सुसमाचारले मात्र ल्याउन सक्ने शान्ति पत्ता लगाउन उनिहरूलाई कसरी सहयोग गर्ने भन्ने बारे प्रार्थना गरें । त्यस्ता समयहरुमा मैले एउटा सफल अभिभावक हुने कुरालाई कम ध्यान दिएँ तर मैले मेरा बच्चाहरुको सफलता र भलाईको बारेमा गहिरो रूपमा ध्यान दिएँ ।

हामीले सेवा गर्नेहरुलाई मुक्तिदाताले जे दिनुहुन्थ्यो त्यो दिने इच्छाले हामीलाई प्रार्थनाहरु तिर लैजान्छ जुन स्वर्गीय पितालाई साँच्चै नै येशू ख्रिष्टको नाममा विन्ती हुन्छ । जब हामीले त्यो तरिकाले प्रार्थना गर्दछौं-मुक्तिदाताको नाममा, उहाँमा आस्था राखी-पिताले उत्तर दिनुहुन्छ । उहाँले हामीलाई मार्गदर्शन गर्न, सान्त्वना दिन र प्रोत्साहन गर्न पवित्र आत्मालाई पठाउनुहुन्छ । आत्माले सँधै मुक्तिदातको गवाही दिने भएकाले (३ नफी ११:३२,३६; २८:११; एतेर १२:४१ हेर्नुहोस्), हाम्रो सम्पूर्ण हृदय, मन र शक्तिले परमप्रभुलाई माया गर्ने क्षमता वृद्धि हुन्छ (मर्कूस १२:३०; लूका १०:२७; सि. र क. ५९:५ हेर्नुहोस्) ।

दैनिक र सकृय रूपमा सम्झनेका आशिषहरु बिस्तारै र निरंतर आइरन्छ जब हामीले उहाँको सेवा गर्छौं, उहाँको शब्दमा भोजन गर्छौं र आस्थाका साथ उहाँको नाममा प्रार्थना गर्छौं । र यो सम्झनाले यो पृथ्वीमा उहाँको राज्यमा हामीलाई येशू ख्रीष्टका इमान्दार चेलाहरु बन्न सहयोग गर्नेछ - र पछि आउने महिमित संसारमा उहाँका पितासँग ।

**यो सन्देशबाट सिकाउने**

अध्यक्ष आइरिङले हामीलाई मुक्तिदाताको नजिक जान दैनिक छनौटहरु गरेर सधैं उहाँलाई सम्झन सल्लाह दिनुहुन्छ । तपाईले सिकाउनेहरुसँग तपाईले प्रभुभोजका प्रार्थनाहरू पढ्न सक्नुहुन्छ जसले उहाँलाई सधैं सम्झने करारको रूपरेखा दिन्छ (मोरोनी ४:३; ५:२; सि.र क.२०:७७,७९ हेर्नुहोस्) । तपाईंले सिकाउनेहरुलाई उहाँहरुले मुक्तिदातालाई सम्झन प्रत्येक दिन गर्न सक्ने कुराहरुको एउटा सूची बनाउन आमन्त्रण गर्न सक्नुहुन्छ । तपाईंले उहाँहरुलाई एकअर्काको सफलता र भलाईका लागि स्वर्गीय पितालाई प्रार्थना गर्न पनि आमन्त्रण गर्न सक्नुहुन्छ । त्यसै गरि उहाँहरुका लागि पनि प्रार्थना गर्न सक्नुहुन्छ ।

## यूवा

**प्रत्येक दिन परमप्रभुलाई सम्झने**

साथीहरु, घरधन्दाहरु, गृहकार्य, टिभी-त्यहाँ धेरै कुराहरु छन् जस्ले हाम्रो ध्यान खिच्दछ । तर हरेक हप्ता, हामीले स्वर्गीय पितालाई प्रतिज्ञा गर्छौं "कि हामीले सधैँ उहाँका पुत्र येशू ख्रीष्टलाई सम्झन्छौं" । (सि. र क. २०:७९) ।

अध्यक्ष आरिङले भन्नुहुन्छ कि हामीले "दैनिक रूपमा छनौटहरु" गर्न सक्छौं जसले हामीलाई मुक्तिदातालाई सम्झन सहयोग गर्दछ । यो महिना हरेक दिन मुक्तिदातालाई अझ धेरै सम्झन एउटा लक्ष्य बनाउन सक्नुहुन्छ । तपाईंले एउटा क्यालेन्डर बनाउन सक्नुहुन्छ र उहाँसँगको तपाईको सम्बन्ध बढाउन दिनको एक कुरा प्रति प्रतिबद्ध हुन सक्नुहुन्छ । अध्यक्ष आइरिङले धर्मशास्त्रहरु पढ्ने, आस्थामा प्रार्थना गर्ने र मुक्तिदाता र अरुलाई सेवा गर्ने सूची बनाउनुहुन्छ । त्यसै गरि दैनिकी लेख्ने, चर्चका सभाहरुमा सहभागी हुने, साधारण सम्मेलनलाई सुन्ने, मन्दिरमा जाने, भजनहरु गाउने-सूचीको अन्त्य हुदैन! जब हामी मुक्तिदातालाई दैनिक रूपमा सम्झन्छौं, अध्यक्ष आइरिङले प्रतिज्ञा गर्नुहुन्छ कि " आशिषहरु... बिस्तारै र निरंतर आइरन्छ... र हामीलाई येशू ख्रीष्टका इमान्दार चेलाहरु बन्न सहयोग गर्नेछ ।

## बच्चाहरु

**धेरै माया**

जब हामी धर्मशास्त्रहरु पढ्छौं वा प्रार्थना गर्छौं, हामीले स्वर्गीय पिता र येशू ख्रीष्टले हामीलाई कति माया गर्नुहुन्छ भन्ने महसुस गर्छौं । ठूलो हृदयको भित्र केहि साना हृदयहरु बनाउनुहोस् । हरेक पटक जब तपाईंले प्रार्थना गर्नुहुन्छु वा आफ्नो धर्मशास्त्रहरु पढ्नुहुन्छ एउटा हृदयलाई रंग लगाउनुहोस् । स्वर्गीय पिता र येशू को नजिक महसुस् गर्न अरु के गर्न सक्नुहुन्छ ?

© 2017 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदन: ६/१६ । अनुवाद अनुमोदन: ६/१६ । 97930 372 को अनुवाद ।

# टाढा जानेहरुलाई मायाले अंकमाल गर्ने

*प्रार्थनापूर्वक यो सामग्रीको अध्ययन गर्नुहोस् र के बाँड्ने भनेर बुझ्नुहोस् । कसरी राहत समाजको उदेश्य बुझ्नाले परमेश्वरका छोरीहरूलाई अनन्त जिवनका आशिषहरूका लागि तयार गर्दछ ?*

आस्था, परिवार, राहत

"वास्तविकता यो हो कि त्यहाँ कुनै पनि पूर्ण परिवार छैन ..." अध्यक्ष डिटर एफ.उक्डोर्फ, प्रथम अध्यक्षतामा दोश्रो सल्लाहकारले भन्नुहुन्छ। "तपाईंको परिवारले जस्तोसुकै समस्याहरु भोगिरहे पनि, तपाईंले तीलाई समाधान गर्न जे गर्न परेपनि, समाधानको सुरुवात र अन्त्य भनेको ख्रीष्टिय प्रेम हो, ख्रीष्टको शुद्ध माया ।"१

सुसमाचारमा पूर्ण रूपले सहभागी नहुनेहरुका बारेमा, लिन्डा के. बर्टन, राहत समाजका पूर्व साधारण अध्यक्षले भन्नुभयोः "स्वर्गीय पिताले उहाँका सबै सन्तानलाई माया गर्नुहुन्छ। ...उनिहरु जहाँ भएतापनि-बाटोमा रहेको वा नरहेको-उहाँ उनिहरुलाई फेरि घरमा फर्केको चाहनुहुन्छ ।"२

"तपाईंका सन्तानले जतिसुकै बाटो बिराएपनि, ...उनिहरुसँग बोल्दा वा कुरा गर्दा रिसमा, कठोर भएर निन्दाको मनोभावमा नगर्नुहोस्," अध्यक्ष जोसेफ एफ. स्मिथले सिकाउनुभयो (१८३८-१९१८) । "उनिहरुलाई दयाले बोल्नुहोस् ।"३

सत्तरीका एलडर एच. नेल्सनले १० वटा चाँदीका सिक्का भएको र एउटा हराएकाहरुलाई मुक्तिदाताले दिनुभएको निर्देशनलाई दोहोर्‍याउनुभयोः "तपाईले नभेट्टाएसम्म खोज्नुहोस् । जब ती हराउने तपाईंको छोरा वा छोरी, तपाईंको दाजुभाई वा दिदीबहिनी भए,...हामीले गर्न सक्ने सबै गरिसके पछि, हामी ती व्यक्तिलाई हाम्रा सम्पूर्ण हृदयले माया गर्छौं । ...

"तपाईं र मैले हाम्रा जिवनमा रहेका र हराएकाहरूसँग कसरी पेश हुने भन्ने बारे प्रकाश पाउन सकौं र आवश्यक परेकोबेला स्वर्गमा रहनुहुने पिता र उहाँका पुत्र येशू ख्रीष्टको धैर्यता र माया पाउन सकौं जब हामी हराएकोलाई माया गर्छौं, नजर राख्छौं र पर्खन्छौं ।"४

अध्यक्ष हेन्री बि.आइरिङ, प्रथम अध्यक्षतामा पहिलो सल्लाहकारले भन्नुभयोः "मैले आस्थाका साथ प्रार्थना गरेको छुँ कि मैले माया गर्ने कोहिले प्रायश्चित्तको शक्तिलाई खोज्नेछ र महसुस् गर्नेछ । मैले आस्थाका साथ प्रार्थना गरेको छुँ कि मानव दुतहरु उनिहरुको सहयोगार्थ आउनेछन् र उहाँहरु आउनुभयो ।

"परमेश्वरले उहाँका हरेक सन्तानलाई बचाउन उपाय बनाउनु भएकोछ ।"५

### *थप धर्मशास्त्रहरू र जानकारी*

मत्ती १८:१२; आल्मा ३१:३५; ३ नफी १३:३२; सि.र क.१२१:४१-४२

**टिप्पणीहरु**

१. डिटर एफ. उक्डोर्फ, "In Praise of Those Who Save," *Liahona,"* मे २०१६, ७९, ८० ।
२. लिन्डा के. बर्टन, सारा जेन विभर मा, "Sister Burton, Sister Wixom Visit Church's Pacific Area," चर्च समाचार, एप्रिल २, २०१३ ।
३. *Teachings of Presidents of the Church: Joseph F. Smith* (१९९८), २५४ ।
४. बेन्ट एच.निल्सन, "Waiting for the Prodigal," *Liahona,* मे २०१५, १०३ ।
५. हेन्री बि. आइरिङ, "To My Grandchildren," *Liahona,* नोभ.२०१३,७१ ।

### *यस्को बारेमा बिचार गर्नुहोस्*

सुसमाचारका सिद्धान्तहरु पालना गर्न नचाहनेहरुलाई हामीले कसरी निरन्तर रूपमा ख्रीष्टिय प्रेम देखाउन सक्छौं ?

© 2017 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । 97930 372 को अनुवाद ।